मिति: २०७९-९-१

# प्रेस विज्ञप्ति

**स्थानीय सरकार संचालन ऐन २०७४ को धारा १७ को १** मा व्यवस्था गरे बमोजिम कार्यपालिकाको वैठक कम्तीमा महिनाको एक पटक बस्नु पर्ने नियमलाई उलंघन गरी धरान उपमहानगरपालिकाको कार्यपालिका सदस्यहरुले मिति २०७९/७/१६ / मिति २०७९/७/२४ र मिति २०७९/८/२९ मा बोलाइएको वैठक बहिष्कार गरी सार्वभौम धराने जनताको आदेश अनुरुप आचरण नगरेको र विधिको शासन नमानेको यथार्थ प्रति खेद प्रकट गर्दछु ! मिति २०७९/८/१२ मा बसेको वैठकमा ध.उ.म.न.पा. का प्रमुख म हर्कराज राई लाई **स्था. स. सं. ऐ. २०७४ को धारा "१६" उपधारा "४" को खण्ड "क" को "२"** ले दिएको **सभा र कार्यपालिकाको वैठकमा कार्यसूची तथा प्रस्ताव पेश गर्ने** अधिकारलाई प्रयोग गर्दै मैले धरान जस्तो धैरै जातजाति मिलेर बसेको सहरमा सामाजिक मेलमिलाप र सद्भाव अझ प्रगाढ होस् भन्ना खातिर धरान १७ मा विगत २५ बर्ष पहिले देखि छोडिएर बिर्सिएको अवस्थामा रहेको पार्कलाई सबै जातजातिको मौलिक पहिचान झल्कने गरी बहुसाँस्कृतिक पार्कको रुपमा पुन: निर्माण गरौं भन्ने विविधता भित्रको एकता खोज्ने राष्ट्रियताको भावले बहुसाँस्कृतिक पार्क निर्माण गर्ने प्रस्ताव प्रस्तुत गर्दा नियोजित तरिकाले कार्यपालिका सदस्य अनुप दिवान द्वारा उक्त प्रस्तावको खण्डन गर्न लगाइनु साथै त्यस अघि पनि यस प्रस्ताव उपर जातिय संघ संस्थाहरु संगको छलफलहरुमा समेत फरकमत राख्न लगाइनु खेदजनक रहेको छ ! उक्त प्रस्ताव उपर निज सदस्यले आफ्नो विचार राख्ने क्रममा मर्यादालाई मिचेर अभद्र शैलीमा अनुशासनहीनता देखाउँदा **स्था. स. सं. ऐ. २०७४ को धारा "१६" उपधारा "४" को खण्ड "क" को "६" ले** नगरप्रमुखलाई दिएको **कार्यपालिकाको वैठक / कार्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने** अधिकार प्रयोग गरी रोक्न खोज्दा सम्मानित कार्यपालिकाको विधिको धज्जी उडाएर होहल्ला गरिनु गैरकानुनी, आपत्तिजनक र खेदजनक घटना हो ! सार्वभौम धराने जनताको सुशासन र बिकासका लागि हुनुपर्ने र गरिनु पर्ने अनिवार्य निर्णय र काम कारवाहीका लागि कार्यपालिकाको वैठक बस्नु पर्ने व्यवस्था छ तर कार्यपालिका सदस्यहरु **स. सं. ऐ. २०७४ को धारा "१६" उपधारा "४" को खण्ड "घ" को "१"** मा व्यवस्था गरिएको **कार्यपालिका वैठकमा भाग लिने** भन्ने कर्तब्य पूरा नगरेको र अनुशासनहिनता र लापरवाही देखाएकोले सबै कार्यपालिका सदस्यहरु तुरुन्त सच्चिन आवश्यक देखिन्छ अन्यथा नैतिकताको आधारमा राजिनामा दिएर मार्ग प्रसस्त बनाई धरानको बिकासका लागि बाटो प्रसस्त गरिदिन अपरिहार्य रहेको जानकारी गराउँदछु ! साथै, हाम्रा काम कारहारीको मूल्याँकन गर्न पनि धराने जनतालाई अनुरोध गर्दछु !

हर्कराज राई
नगर प्रमुख
हर्कराज राई
नगर प्रमुख, धरानउपमहानगरपालिका